# नेपाल सरकार

**प्रदेश प्रमुख**
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना

प्रकृतिका पुजारी किराँत समुदाय अन्तर्गतका सुनुवार, राई, लिम्बु र याक्खा जातिको पवित्र पर्व उभौलीको पावन अवसरमा सम्पूर्ण प्रदेशवासीहरू तथा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली विशेष गरी किरात समुदायका दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति र सम्मृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछु।

कृषिजन्य उत्पादन राम्रो होस्, दैवीप्रकोप र विपत्तिहरू नआउन्, सबैमा सुस्वास्थ्य, सुख र शान्ति होस् भनी पूजा गरेर उभौली पर्व मनाइन्छ। उभौली पर्वले केवल मौसमको परिवर्तन र उभो अर्थात् लेकतिरको यात्रालाई मात्र संकेत गर्दैन, यसले पुर्खाप्रतिको श्रद्धा, प्रकृतिप्रतिको सम्मान र सामाजिक एकताको गहिरो सन्देश पनि बोकेको हुन्छ। यो पर्व किरात समुदायको सांस्कृतिक पहिचान, मेलमिलाप, चाडपर्वप्रतिको निष्ठा र सहअस्तित्वको दर्शन झल्काउने महत्वपूर्ण परम्परा हो। यो पर्व किराँत समुदायले आफन्त भेटघाट, खानपान, शुभकामना आदानप्रदान तथा नाचगान गरेर हर्षोल्लासका साथ मनाउने गर्दछन्।

विविधता बोकेका सम्पूर्ण जातजाति र समुदायका हाम्रा मौलिक चाडपर्वहरूले समाजमा प्रेम, मेलमिलाप, आपसी सद्भाव, सहिष्णुता र विविधतामा एकताको भावना बलियो बनाउने कार्य गरेका छन्। यस्ता मौलिक पर्व र संस्कृतिको संरक्षण र प्रवर्द्धनमा लाग्न सबैलाई आह्वान गर्दछु।

अन्तमा उभौली पर्वले सबैमा आपसी सद्भाव, विविधताको सम्मान, सहिष्णुता र सहकार्यको भावना थप प्रगाढ बनाओस् भन्ने कामना गर्दै समावेशी, न्यायपूर्ण र संस्कृतिमा गर्व गर्ने समाज निर्माणमा सबैको सक्रिय सहभागिता रहनेमा आजको विशेष दिनले हामी सबैलाई उर्जा दिने अपेक्षाका साथ पुनः सबैमा उभौलीको शुभकामना व्यक्त गर्दछु।

**२०८२ साल बैशाख २९ गते, सोमबार**
**ने. सं. ११४५ बछलाथ्व: पूर्णिमा**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**